## निर्णयहरू

### आन्तरिक श्रोततर्फ

### निर्णय नं. १

१. प्रस्ताव नं. १ माथि छलफल गरी विचार बिर्मश गर्दा चालु आ.व. मा प्राप्त हुने भनी अनुमान गरिएको रू २०,००,०००/- गत आ.ब को रू १,२५,९६,०००/- समेत जम्मा रू १,४५,९६,०००/- रकम मध्ये वडाहरू संचालन खर्च अनुदान, भएपरि खर्च रू ४,००,०००/- बिनियोजन गरिएको हुँदा बाँकी रहेको रकमबाट कार्यालयको लागि मोटरसाइकलहरु, चार पाङ्ग्रे (जिप), कर्मचारीहरूको प्रोत्साहन भत्ता, विशेष गाउँ सभा तयारी खर्च तथा पोशाक खर्च आदि इत्यादिमा खर्च गर्ने भनी सर्वसम्मतिबाट निर्णय गरियो।

### चालु खर्च तर्फ

### निर्णय नं. २

२. प्रस्ताव नं. २ माथि छलफल गरी विचार बिर्मश गर्दा मिति २०७४/०८/१३ गतेका दिन बसेको प्रथम गाउँ सभा बैठकबाट चालु खर्च तर्फ बिनियोजन गरिएको रू. ९,००,००,०००/- अक्षरेपि रू. नौ करोडबाट दोस्रो चौमासिक सम्मको खर्च रकमको तुलनामा बिनियोजित सम्पूर्ण रकम खर्च हुन नसक्ने देखिएकोले उक्त रकम रू. ९,००,००,०००/-  मध्ये खर्च भई बाँकी रहन जाने रकम पुँजीगत खर्चको कार्यक्रमतर्फ खर्च गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

३. प्रस्ताव नं. ४ माथि छलफल गरी विचार बिर्मश गर्दा यस कार्यालय तथा वडा कार्यालयहरूको लागी फर्निचरको अति आवश्यक भएको हुँदा यथाशीघ्र फर्निचर खरीद गरी गाउँ कार्यपालिका, वडा कार्यालय तथा सम्पूर्ण शाखामा उपलब्ध गराउने भनी निर्णय गरियो।

### निर्णय नं. ५

४. प्रस्ताव नं. ५ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिका, वडा कार्यालय तथा शाखाहरूको लागी सवारीसाधन नभई योजना तथा विभिन्न कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणमा समस्या परीरहेको हुँदा बिनियोजित रकमले यथाशिघ्र मोटरसाइकल र चार पाङ्ग्रे (जीप) गाडी खरीद गर्ने निर्णय गरियो।

### निर्णय नं. ६

५. प्रस्ताव नं. ६ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिकाको विकास गर्ने मेसनिरी औजार नभई समस्या परी रहेको साथै बाढी पीडित क्षेत्र भएको हुँदा वर्षामा सडकहरू बाढी

तथा वर्षा अतिग्रस्त हुन जाने भई आवत जावत समेत अवरूध्द हुन जाने भएको हुँदा सो समस्या समाधान गर्न कार्यालयमा डोजर - १, ट्याक्टर - १, हाइड्रोलिक ट्राली - १ तत्काल आवश्यक भएकोले चालु आ.व. मा नै खरीद गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>

६. प्रस्ताव नं. ७ माथि छलफल गरी विचार बिर्मश गर्दा फोहर मैला व्यवस्था सम्बन्धि सर सामाग्री, यन्त्र, औजार, मेसिन, इन्जिन आदि खरीद गर्न मिति ०७८/०८/१३ गतेमा प्रथम गाउँ सभाको बैठकले रू. ५५,००,०००/- बिनियोजन गरी निर्णय गरेकोमा हाल सम्म फोहर मैला व्यवस्थानका लागि जग्गा छनौट भई नसकेको हुँदा नरैनापुर गाउँ पालिकामा बढी मात्रामा फूसका घरहरू भएको हुँदा प्रत्येक आगलागीका घटनाहरू घटी ठुलो मात्रामा क्षति भई रहेको हुँदा उक्त घटनाबाट हुने जोखिम न्यूनीकरण गर्न मेसीनरी औजारका लागी बिनियोजित रकम रू. ५५,००,०००/- र बिपद व्यवस्थापन तर्फ बिनियोजन भएको रकम मध्ये रू. ७,००,०००/- समेत थप गरी वारूण यन्त्र (दम्कल) - १ खरीद प्रकृया अघि बढाएकोमा सो खरीद प्रकृयाको सर्वसम्मतिबाट अनुमोदन गरी निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

७. प्रस्ताव नं. ८ माथि छलफल गरी विचार बिर्मश गर्दा गाउँ कार्यपालिका, वडा कार्यालय तथा कार्यपालिकाको शाखाहरूका लागी फर्निसिग्ङ सम्बन्धि पर्दा कार्पेट आदि अति आवश्यक भएको हुँदा खरिद गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ९</u>

८. प्रस्ताव नं. ९ माथि छलफल गरी विचार बिर्मश गर्दा यस कार्यपालिका, वडा कार्यालय, कार्यपालिकाको शाखाहरूमा ल्यापटप, कम्प्युटर, सौर्य उर्जा समेत प्रयाप्त मात्रामा नभई कार्य सम्पादनमा समस्या परी रहेका हुँदा आवश्यक पर्ने ल्यापटप, कम्प्युटर, प्रोजेक्टर, जेनेरेटर खरिद गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १०</u>

९. प्रस्ताव नं. १० माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिकाका पहिचान झल्किने गरी गाउँ पालिकाका १ नं. वडा देखि ६ नं वडा सम्मका सम्पूर्ण पुरूष पदाधिकारी, सदस्य तथा कार्यपालिका सम्पूर्ण कर्मचारीहरूलाई राष्ट्रिय पोशाक टोपी, जुत्ता, मोजा समेत र महिला पदाधिकारी, सदस्य र कर्मचारीहरूलाई सारी, ब्लाउज, सुरवाल कुर्ता, स्वीटर, जुत्ता, मोजा समेत खरिध गरी यथाशीघ्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

१०. प्रस्ताव नं. ११ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिकाको आफ्नो भवन नभई ४ नं वडा कार्यालयको ३ वटा कोठा कार्य संचालन हुँदै आएको सम्पूर्ण कार्यकारी बस्ने कोठा नभई कामकाज गर्ने वातावरण एकदमै नभई कार्य सम्पादनमा समस्या परेको हुँदा गाउँ पालिकाको कार्यालय भवन निर्माण गर्न ऐलानी प्रति जग्गा छनौट गरी दर्ताका लागी प्रकृया अघि बढाउने वा जग्गा खरीद गरी भवन निर्माण गर्न विशेष पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

११. प्रस्ताव नं. १२ माथि छलफल गरी विचार बिर्मश गर्दा गाउँ पालिकाको आफ्नो भवन नभई काम काज गर्न समस्या परी रहेको साथै आर्थिक कारोवार सम्बन्धी सम्पूर्ण कामकाज नेटबाट हुने हुँदा र कार्यालयमा स्टोर भवन नभई औषधी लगायत जिन्सी सामान भण्डारण गर्ने कोठा नभएको हुँदा जिल्ला समन्वय समितिको हुने छेउछाउमा कोठा लिई आर्थिक कारोवार तथा जिन्सी सामानको भण्डारण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १३

१२. प्रस्ताव नं. १३ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँका अध्यक्ष ज्यूले तपसील बमोजिम पदहरूमा निम्न व्यक्तिहरूलाई निम्नाअनुसारको पारिश्रमिक दिने गरी २०७५ अषाढ सम्मका करार सम्झौता गरी नियुक्ति दिनु भएकोमा उक्त नियुक्ति गर्न अति आवश्यक भएको हुँदा सो को समर्थन (अनुमोदन) गरियो ।

तपसिल

| क्रम सं. | नाम | ठेगाना | पद | पारिश्रामिक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | धन बहादुर खड्का | राप्ती सोनारी | निजी सहायक | रू. १५,०००/- | अध्यक्ष ज्यूको |
| २. | कुल रत्न श्रीवास्तव | नरैनापुर - ५ | निजी सहायक | रू. १५,०००/- | उपाध्यक्ष ज्यूको |
| ३. | केशव राज पन्त | नें. गं. - ९ | कानूनी सल्लाहकार | रू. १०,०००/- | |
| ४. | नवीन गिरी | नें. गं. - १६ | प्रेस सल्लाहकार | रू. १५,०००/- | |

निर्णय नं. १४

१४. प्रस्ताव नं. १४ माथि छलफल गरि विचार बिर्मश गर्दा उपभोक्ता समिति सघं सस्था समूहबाट संचालन हुने योजना तथा कार्यक्रमहरू संचालन गर्न समस्या परिरहेकोले योजना तथा कार्यक्रमहरू संचालन गर्न सहजताका लागि बिनियोजित रकमको २०% रकम पेश्की उपलब्ध गराउने निर्णय गरीयो।

निर्णय नं. १५

१५. प्रस्ताव नं. १४ माथि छलफल गरि विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिका अन्तरगत संचालित स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप १ सय बढी भई रहेको हाल कार्यरत दरबन्दीका स्वास्थ्यकर्मीहरूबाट सेवा प्रवाह गर्न असम्भव भएको भनी स्वास्थ्य शाखाबाट माग भई आएकोले स्वास्थ्य क्षेत्र एक दम सम्वेदनशील विषय भएकोले हाल ४ जना अ.हे.व. मासिक रू. १५,०००/- पारिश्रमिक दिने गरी करार वा ज्यालादारीमा नियुक्त गरी स्वास्थ्य सेवा सरल र शुलभ तरिकाबाट उपलब्ध गराउने गरी भनी निर्णय गरियो ।

निर्णय नं. १६

१६. प्रस्ताव नं. १६ माथि छलफल गरि विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिका अन्तरगत रहेको पर्यटकीय स्थलको रूपमा रहेको सुन्दर मुन्दर भन्ने स्थानमा स्वदेशी तथा विदेशी पर्यटकहरू आउने हुँदाले यस नरैनापुर गाउँ पालिकाको आयश्रोतमा बृध्दि हुने भएकोले उक्त स्थानलाई पर्यटन स्थलको रूपमा विकास गर्न गराउन अति आवश्यक देखिएकोले गाउँ पालिका सम्भव हुने खाल्का कार्यक्रमहरू गरिनुका साथै सो को विकासका लागी प्रदेश तथा संघीय सरकार लगायत विभिन्न संघ सस्था हनुमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

१७. प्रस्ताव नं. १७ माथि छलफल गरि विचार बिर्मश गर्दा अन्तरगत रहेको प्राथमिक स्वास्थ्य लक्ष्मणपुरको परिवर्तन गरी ५० शैयाको खालिफा नूर अहमद शाह मेमोरियल अस्पताल लक्ष्मणपुर नामाकरण गर्न प्रदेश तथा केन्द्र सरकारको सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

१८. प्रस्ताव नं. १८ माथि छलफल गरि विचार बिर्मश गर्दा खेल मैदान नभई खेलकूदका खेलाडी तथा युवाहरूलाई खेलकूद तर्फ प्रोत्साहित गरी खेलकूद तथा युवा वर्गको विकासका लागी खेल मैदान अनि आवश्यक भएको हुँदा सम्भव भए सम्म ४ नं. वडा नरैनापुर अन्तरगर खेलकूद मैदानका लागी छनौट गरी खेलकूद मैदान निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

१९. प्रस्ताव नं. १९ माथि छलफल गरि विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिकाका उपाध्यक्ष ज्यूका अध्यक्षतामा गढित न्यायिक समितिमा परेको उजूरी, निवेदन फिरादको कार्यावाही प्रकृया सुव्यवस्थित तवरले सम्पादन गर्न कर्मचारी अभानको कारणले समस्या परीरहेको हुँदा न्यायिक कार्य सम्पादनका लागी आवश्यक पर्ने कर्मचारीहरूको अविलम्व व्यवस्था गरी न्यायिक कार्य भरपर्दो तरीकाले सुचारू गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

२०. प्रस्ताव नं. २० माथि छलफल गरि विचार बिर्मश गर्दा यस नरैनापुर गाउँ पालिका पिछडिएको क्षेत्र भई स्वास्थ्य सम्बन्धी चेतनाको कमीले गर्दा मातृ शिशु, मृत्यु दरमा कमी ल्याउन परिवार नियोजन लगायत स्वास्थ्य सम्बन्धि जनचेतनाको विकास गर्न अति आवश्यक भएको हुँदा यस कार्यपालिकाको स्वास्थ्य शाखाबाट सडक नाटक लगायत जनचेतनाका कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

२१. प्रस्ताव नं. २१ माथि छलफल गरि विचार बिर्मश गर्दा जिल्ला समन्वय नगरपालिका, उप महानगरपालिका, महानगरपालिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरुको प्रदेश सरकारले मासिक रूपमा पारिश्रमिक उपलब्ध गराउने भनी व्यवस्था गरेको हुँदा प्रमुख, उपप्रमुख, वडाध्यक्षहरू बाहेक सदस्यहरूलाई पनि पारिश्रमिक व्यवस्था गरी दिनु प्रदेश सरकारमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

२२. प्रस्ताव नं. २२ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँपालिकामा रू. १० लाख माथिका विकास निर्माणका योजनाहरू ठेक्का प्रकृयाबाट संचालन गर्ने भनी मिति ०७४/०८/१३ गते बसेको प्रथम गाउँ सभाको बैठकले निर्णय गरेकोमा सौर्य ऊर्जा बितरण गर्ने कार्यक्रमका लागी रू. २,००,००,०००/- बिनियोजन गरीएकोले सौर्य ऊर्जा वितरण कार्यक्रम गाउँपालिका उपभोक्ताहरू लागत सहभागिता, नेपाल सरकारको अनुदान सहयोग समेत गरी ३ ठाउँबाट लगानी हुने भएकोले सौर्य ऊर्जा वितरण कार्यक्रम ठेक्का प्रकृयाबाट नगरी उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

२३. प्रस्ताव नं. २३ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँपालिकाको कार्यालय भवन निर्माणका लागि छनौट गरी दर्ता प्रकृया अघि बढाउन सम्बन्धित निकायमा पहल गर्न निर्णय गरियो।

निर्णय नं. २४

२४. प्रस्ताव नं. २४ माथि छलफल गरी विचार बिर्मश गर्दा सार्वजनिक बाटो-घाटो, कुलो, पोखरी लगायत विभिन्न किसिमका नाप जाच गर्ने समस्या भई विकास निर्माण कार्यमा वाधा अवरोध समेत पर्ने देखिएकोले हुँदा करार वा ज्यालादारी अमीन - १ नियुक्त गरी यथाशिघ्र काममा लगाउने भनी निर्माण गरियो ।

निर्णय नं. २५

२५. प्रस्ताव नं. २५ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँपालिकामा हाल १ जना मात्र सहायक कम्प्यूटर अपरेटर भई काम काज सम्पादनमा समस्या परीरहेकोले थप १ जना कम्प्यूटर ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

२६. प्रस्ताव नं. २६ माथि छलफल गरी विचार बिर्मश गर्दा विकास निर्माणको कार्यहरू तव्रि गतिमा संचालन भई प्राविधिक २ जनाबाट सो कार्यको ल.ह. मूल्याङ्कन सुपरीक्षेण आदि सम्भव नभई श्रीमान् अध्क्षय ज्यूले ज्यालादारीमा लक्ष्मण प्रासद देवलाई सवईन्जिनिर पदमा २०७४ साल फागुन १४ गते देखि काम काजमा लगाउनु भएकोले सो को समर्थन गरिनुका साथै थप १ जना (सवईन्जिनियर) पदमा ज्यालादारीमा नियुक्त गरी कामकाजमा लगाउन भनी निर्णय गरियो ।

निर्णय नं. २७

२७. प्रस्ताव नं. २७ माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँपालिका १ नं. वडा देखि ६ नं. वडा सम्मका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूको राति सुरक्षा अनि आवश्यक भएको वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा राति सुरक्षाको लागी मासिक रू. ८,०००/- प्रारिश्रमिक उपलब्ध गराउने गरी प्रत्येक कार्यालय र स्वास्थ्य संस्थाका लागी १/१ जना चौकीदार तथा मासिक रू. ५,०००/- पारिश्रमिक उपलब्ध गराउने गरी प्रत्येक स्वास्थ्य संस्था १/१ स्वीपर राख्ने निर्णय गरियो ।

निर्णय नं. २८

२८. प्रस्ताव नं. २८ माथि छलफल गरी विचार बिर्मश गर्दा तपसील बमोजिमका कार्यालयहरूमा निम्न अनुसारका पदमा कर्मचारीहरूको अभाव भई समस्या परी रहेको उक्त पदमा ऐन नियमअनुसार करार वा ज्यालादारीमा व्यवस्था गरी नियुक्त गर्ने निर्णय गरियो ।

तपसील

| सि. नं. | पद | सख्या | कार्यालय/शाखा |
|---|---|---|---|
| १. | कार्यालय सहयोगी | १ | शिक्षा शाखा |
| २. | कार्यालय सहयोगी | १ | स्वास्थ्य शाखा |
| ३. | कार्यालय सहयोगी | २ | प्राथमिक स्वास्थ्य केन्द्र/गाउँपालिका |

| | | | |
|---|---|---|---|
| ४. | माली (बगैचे) | २ | प्राथमिक स्वास्थ्य केन्द्र/गाउँपालिका |
| ५. | स्वीपर | २ | प्राथमिक स्वास्थ्य केन्द्र/गाउँपालिका |

निर्णय नं. २९

२९. प्रस्ताव नं. २९ माथि छलफल गरी विचार बिर्मश गर्दा मिति २०७४/०८/१३ गतेको दिन बसेको प्रथम गाउँ सभाको बैठकबाट पारित भएका लक्षित वर्ग, मानवीय संसाधान विकास, चेतना मूलक, क्षमता विकास, सीप विकास, आय आर्जन आदि समेतका कार्यक्रमहरू संचालन गर्न अति आवश्यक भएकोले तथा समय पनि कम हुन भएको हुँदा उक्त कार्यक्रहरु संचालन गर्न प्रस्तावना पत्र पेश गर्न ७ दिने सूचना प्रशासन गरी आहवान गर्ने तथा प्राप्त हुन आउने प्रस्तावना पत्रहरु कार्यपालिकाको बैठकबाट स्वीकृत गराई संचालन गर्न निर्णय गरियो ।

निर्णय नं. ३०

३०. प्रस्ताव नं. ३० माथि छलफल गरी विचार बिर्मश गर्दा यस नरैनापुर गाउँपालिकाको आर्थिक, न्यायिक, स्थानिय राजपत्र प्रकाशन सम्बन्धि कार्य सम्पादन गर्न निम्नुसार बनेको बिधेयक कार्यविधि, आजको बैठकबाट सर्व सम्मतिले निर्णय गरी स्वीकृत गरियो ।

तपसील

क. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको बिधेयक २०७४

ख. न्यायिक समितिले उजुरीको किनारा गर्दा अपनाउनु पर्ने कार्यविधीका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७४

ग. स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी २०७४